# राष्ट्रिय मानव अधिकार आयोग
## NATIONAL HUMAN RIGHTS COMMISSION
केन्द्रीय कार्यालय Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal


मिति : २०७२।१०।७

## प्रेसनोट

तराई मधेसमा संविधानको विषयलाई लिई जारी आन्दोलन र त्यसबाट मानव अधिकारको उपभोगको अवस्थामा परेको प्रभावको सम्बन्धमा आयोगले निरन्तर अनुगमन गर्दै आएको छ । अनुगमनबाट प्राप्त तथ्य तथा मानव अधिकारको स्थिति सम्बन्धमा आयोगले आफ्नो धारणा सार्वजनिक गर्दै सम्बन्धित पक्षहरुलाई आवश्यक सिफारिस तथा आग्रह गर्दै आएको छ । आन्दोलनकै क्रममा नागरिक, बालबालिका तथा सुरक्षाकर्मी समेत गरी ४९ जना लगायतको हत्या भएको आयोगको प्रारम्भिक प्रतिवेदनमा देखिएको घटनाहरुको अनुसन्धान गरी प्रतिवेदन पेश गर्न आयोगको मिति २०७२।९।२० को निर्णय अनुसार बारा, पर्सा, रुपन्देही, महोत्तरी, सिरहा, सप्तरी, मोरङ्ग, सुनसरी लगायतका जिल्लाहरुमा उपनिर्देशक तथा अधिकृतहरु सम्मिलित ५ वटा अनुसन्धान टोली त्यसतर्फ परिचालन गरेको छ । आयोगद्वारा खटाइएका अनुसन्धान टोलीहरुलाई आवश्यक सहयोग पुऱ्याउन आयोग पीडित परिवारका आफ्तजन, राजनीतिक दलहरु तथा नेपाल सरकारका सम्बन्धित निकायहरुलाई आग्रह गर्दछ ।

मोहना अन्सारी<br>
सदस्य/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal, Email: nhrc@nhrcnepal.org

website www.nhrcnepal.org2072-10-7